९३३ - ५४५

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४३८/२०७२/०७३

निर्णय नं. ५४५

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत .......................................२ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय, तेह्रथुम .......................................................१ विपक्षी
सूचना अधिकारी, जिल्ला स्वास्थ्य कार्यालय, तेह्रथुम .......................................................१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले जिल्ला स्वास्थ्य कार्यालय, तेह्रथुमसमक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।१२ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०६।२७ को आदेश बमोजिम जिल्ला स्वास्थ्य कार्यालय, तेह्रथुमलाई मिति २०७२।०६।२८ च.नं. ३५६ पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त जिल्ला स्वास्थ्य कार्यालय, तेह्रथुमको मिति २०७२।०८।०६, च.नं. २२७, प.स. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस आयोगमा प्रेषित गरी बोधार्थ मार्फत पुनरावेदकलाई पनि जानकारी गराइएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| यशोदादेवी तिम्सिना | किरणकुमार पोखरेल | कृष्णहरि बास्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७२ साल माघ ०६ गते रोज ४ शुभम् ।